**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ५ गते सोमबार ❑ 19 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कास्कीमा एमाले र नेकपाको उम्मेदवार टुंगो, तीनै क्षेत्रमा पुरानै अनुहार

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ

गण्डकी प्रदेशको राजधानी जिल्ला कास्कीमा प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढ्दै जाँदा प्रमुख दलहरूले उम्मेदवारको टुंगो लगाएका छन् ।

नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार तय गरेका छन् । नेकपा एमालेले कास्की क्षेत्र नम्बर १ बाट बैनबहादुर अधिकारी क्षेत्रीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । अधिकारी एमाले कास्कीका जिल्ला अध्यक्ष तथा जिल्ला समन्वय समिति कास्कीका पूर्व प्रमुख हुन् । कास्की-२ बाट एमालेले कृष्ण थापालाई अघि सारेको छ । थापा पूर्व पोखरा महानगरपालिकाका मेयर, गण्डकी प्रदेश सभा सदस्य तथा पार्टीका पुराना नेता हुन् । क्षेत्र नम्बर ३ बाट दामोदर पौडेल बैरागी उम्मेदवार बनेका छन् । बैरागी विघटित प्रतिनिधिसभाका सदस्य तथा २०७९ को निर्वाचनमा विजयी सांसद हुन् ।

यसैबिच, माओवादी केन्द्र, एकीकृत समाजवादी र अन्य वामपन्थी घटकहरू मिलेर बनेको नेकपाले कास्की-१ मा राजकाजी गुरुङ 'करण', कास्की-२ मा किरण थापा 'आमोद' र कास्की-३ मा प्रेम पौडेललाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

कास्की क्षेत्र नम्बर १ का उम्मेदवार राजकाजी गुरुङ करण माओवादीले सञ्चालन गरेको सशस्त्र जनयुद्धदेखि नै कास्कीको संगठन निर्माणमा सक्रिय रहँदै आएका नेता हुन् । उनी २०६४ सालको संविधानसभा निर्वाचनमा कास्की क्षेत्र नम्बर २ बाट निर्वाचित भई संसदीय राजनीतिको अनुभव हासिल गरिसकेका छन् । कास्की-२ का उम्मेदवार किरण थापा 'आमोद' जनयुद्धकालमा जनमुक्ति सेनाका कमाण्डर समेत थिए । विद्यार्थी राजनीतिबाट उदाएका थापा डा. बाबुराम भट्टराईसँगै नयाँ शक्ति पार्टी र पछि जनता समाजवादी पार्टीमा केन्द्रीय भूमिकामा सक्रिय थिए । नेकपामा समाहित भएपछि उनी पहिलो पटक उम्मेदवार बन्दैछन् । कास्की-३ बाट उम्मेदवार बनेका प्रेम पौडेल नेकपा एकीकृत समाजवादीका नेता तथा पोखरामा निर्माण सामग्री व्यवसाय गर्दै आएका छन् । अन्नपूर्ण गाउँपालिका-४ सल्यानका स्थायी बासिन्दा पौडेल पछिल्लो समय पोखरामा बसोबास गर्दै आएका छन् ।

जिल्लामा अन्य राजनीतिक दलका तर्फबाट पनि उम्मेदवारी छनोटका लागि छलफललाई तीव्र बनाइएको छ । नेपाली कांग्रेसले उम्मेदवारी चयनका लागि आन्तरिक छलफललाई अघि बढाएको नेपाली कांग्रेस कास्कीका सचिव भानु ढकालले जानकारी दिनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेदवारीका लागि आन्तरिक छलफल गरिरहेको पार्टीका जिल्ला सचिव दीपेन्द्र पोखरेलले जानकारी दिनुभयो । जिल्लामा पार्टीका तर्फबाट उम्मेदवारीका लागि २१ जनाले आकाङ्क्षा देखाउनुभएको उहाँले बताउनुभयो । जिल्लामा अन्य राजनीतिक दलले पनि आफ्नो उम्मेदवारी तयका लागि छलफललाई तीव्र बनाएका छन् । निर्वाचनका लागि उम्मेदवारी मनोनयन माघ ६ गतेका लागि निर्धारण भएका कारण दलहरूले सक्रियता बढाएका हुन् । कास्कीका तीन निर्वाचन क्षेत्रमा कुल तीन लाख आठ हजार ५७२ जना मतदाता रहेको निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार कास्की क्षेत्र नं १ मा एक लाख १६ हजार ८७८ जना मतदाता रहेका छन्भने क्षेत्र नं २ मा ८४ हजार १३४ मतदाता रहेका छन् । त्यस्तै क्षेत्र नं ३ मा एक लाख सात हजार ५६० मतदाता रहेका छन् ।

## समानुपातिक बन्दसूचीका उम्मेदवारको नाम सार्वजनिक

**रासस**
काठमाडौं, ४ माघ

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलबाट पेस भएका समानुपातिक तर्फका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची सार्वजनिक गरेको छ ।

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा २५ बमोजिम आइतबार बन्दसूची सार्वजनिक गरिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

सार्वजनिक विवरणमा ५७ निर्वाचन चिह्नमा ६३ राजनीतिक दलबाट पेस भएका तीन हजार २१३ जना उम्मेदवारको बन्दसूची प्रकाशन गरिएको उल्लेख छ ।

उक्त बन्दसूचीमा नाम समावेश भएका कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दाबी विरोध गर्न चाहने कुनै मतदाताले यही माघ ५ देखि माघ १० गतेसम्म बिहान १० देखि दिउँसो ४ बजेभित्र आयोगको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई दाबी विरोध गर्न आयोगले आग्रह गरेको छ । दाबी विरोधका लागि निर्देशिकाबमोजिम निर्धारित ढाँचामा उजुरी गर्न सकिने पनि आयोगका प्रवक्ता भट्टराईले बताउनुभयो ।

## निर्वाचनमा सहभागी हुन नेता कार्यकर्तालाई नेता कोइरालाको आग्रह

**रासस**
काठमाडौं, ४ माघ

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीलाई सङ्कटबाट जोगाउन मध्यमार्गी भूमिका खेल्दा दबाब झेल्नुपरेको बताउनुभएको छ ।

नेता कोइरालाले आइतबार यहाँ आफूनिकट नेता तथा कार्यकर्ताको भेलामा मध्यमार्ग र सत्यको बाटो अप्ठ्यारो हुने भन्दै आफूले मध्यमार्गी भूमिका खेल्दा दबाब झेल्नुपरेको बताउनुभएको हो ।

"मध्यमार्ग र सत्यको बाटो गारो र अप्ठ्यारो हुन्छ, म सत्यको बाटो हिँडिरहेको छु, यसबाट विचलित हुन्न," उहाँले भन्नुभयो, "पार्टी कठिन अवस्थामा रहेकाले मध्यमार्गी भूमिका निर्वाह गरी पार्टीलाई सङ्कटबाट जोगाउनुपर्ने आवश्यकता छ ।"

नेता डा कोइरालाले तोकिएको मितिमा निर्वाचन हुनेमा ढुक्क हुने अवस्था नभए पनि देश र लोकतन्त्र सङ्कटमा रहेकाले निर्वाचनमा जानुको विकल्प नरहेको धारणा राख्नुभयो । उहाँले नेता तथा कार्यकर्तालाई पनि निर्वाचनमा सहभागी हुन आग्रह गर्नुभयो ।

पार्टीमा देखिएको विवादको विषय अदालत प्रवेश गरिसकेकाले आफूलाई अदालतको निर्णय मान्ने हुने नेता कोइरालाको भनाइ थियो ।

## उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ माघ



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहकार्य/सहजिकरण र पोखरा महानगरपालिका व्यवसाय प्रवद्धन केन्द्रको आयोजनामा दश कार्य दिने उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण तालिम आइतबारदेखि व्यवसाय प्रवद्धन केन्द्र, पोखराको सभाहलमा सुरु भएको छ ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाको अध्यक्षता, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मुक्तिराम अर्यालको प्रमुख आतित्यथा र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीको बिषेश आतित्यथामा सञ्चालित उक्त तालिममा उद्धघाटन सत्रको सञ्चालन व्यवसाय प्रवद्धन केन्द्रमा प्रमुख नवराज अधिकारीले गर्नुभएको थियो । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिना, प्रशिक्षण तथा अनुसन्धान अधिकृत ई. मनोज पौडेल प्रशिक्षकको रुपमा रहनुभएको सो तालिममा १८ जना विभिन्न क्षेत्रका प्रशिक्षार्थीहरुको सहभागी रहेको छ । प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण तालिम ले प्रशिक्षार्थीहरुको क्षमता विकास गर्नुका साथै सफल उद्यमी बन्न सहजिकरणको सिप प्रदान गर्ने कुरामा जोड दिदै प्रतिष्ठानले प्राप्त गरेको आई एस ओ को कार्यबिधि भित्र रहेर तालिम सञ्चालन हुने जानकारी गराउदै सम्पूर्ण अतिथी र प्रशिक्षार्थीहरुलाई स्वागत गर्नुभएको थियो ।

त्यसै गरि प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले स्थानीय तहको आयोजना र जिपिटिए सहजिकरणमा टिओटी तालिम पहिलो पटक सञ्चालन भएको र यो सहजिकरणले सघीयता सवलिकरणमा महत्वपुर्ण भुमिका निर्वाह गरेको बताउदै तालिममा छनोट हुनुभएकोमा बदाई समेत दिनुभयो ।

उद्धघाटन सत्रका बोल्नुहुदै प्रमुख अतिथी मुक्तिराम अर्यालले प्रतिष्ठानसंगको सहकार्यमा यो तालिम सञ्चालन गर्न पाउँदा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थानीय तहको क्षमता विकास लागि संगै रहेको महसुस भएको र यो तालिमले स्थानीय स्थरमा उद्यमशिलता विकास गर्न जोतिको रुपमा काम गर्नुका साथै स्थानीय उत्पादनलाई प्रोत्साहन दिनेमा दुईमत नरहेको बताउनुभयो । पोखरा महानगर भित्र रहेका कर्मचारीहरु र सरोकारवाला पक्षलाई क्षमता र सिप विकास सम्बन्धी तालिमहरु आवश्यक रहेको र त्यस्ता तालिमहरु प्रतिष्ठानबाट प्रदान हुने आशा समेत रहेको जानकारी गराउनुभयो । पोखरामै उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गर्न पाउँदा खुशी लागेको र यो तालिमले ज्ञानसंगै उद्यमशिलतासंग सम्बन्धित सिप विकास गर्ने अपेक्षा रहेको तालिममा सहभागी प्रशिक्षार्थी मौसम तिमिल्सिनाले बताउनुभयो । स्थानीयस्तरको आर्थिक विकासमा योग्दान दिदै स्थानीयस्तरमै उद्यमशिल प्रशिक्षक उत्पादन गर्नु यो तालिमको मुख्य उदेश्य रहेको बताउदै उद्धाटन सत्रको समापन कार्यक्रमका अध्यक्ष पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले गर्नुभएको थियो ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश सरकारको तालिम र अनुसन्धान प्रदायक एक स्वायत्त संस्था रहेको र यसले सेवाकालिन, सेवा प्रवेश र गण्डकी प्रदेश भित्र रहेका कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्दै आएको र प्रदेश र स्थानीय तहको साझेदारीमा बिभिन्न तालिम र अनुसन्धानका कार्यहरु सञ्चालन भईरहेको प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत ई. मनोज पौडेलले बताउनुभयो ।

## राष्ट्रियसभाको १९औँ अधिवेशन सुरु

**रासस**
काठमाडौं, ४ माघ

सङ्घीय संसद् राष्ट्रियसभाको १९औँ अधिवेशन सुरु भएको छ ।

सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालय परिसरको राष्ट्रियसभाको पुरानो भवनमा सुरु भएको अधिवेशनमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले अधिवेशन प्रारम्भ भएको घोषणा गर्दै सदस्यहरूलाई स्वागत गर्नुभयो । उहाँले अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र वाचन गरेर सुनाउनुभयो । त्यसलगत्तै लोकतन्त्रका लागि योगदान पुऱ्याउने सहिदहरूप्रति सम्मानका लागि मौन धारण गरियो । बैठकले सभाका सदस्य वलदेव बोहराको निधनप्रति शोकप्रस्ताव पारित गरेको छ । विसं २००८ मा जन्मनुभएका कञ्चनपुर निवासी बोहराको गत पुस ३० निधन भएको थियो । उहाँ विसं २०७० मा संविधानसभा सदस्य र २०८० सालमा राष्ट्रियसभामा निर्वाचत हुनुहुन्थ्यो । माथिल्लो सदनका रुपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभा स्थायी सदन हो । यस सभामा समाजका विभिन्न क्षेत्रका अनुभवी, प्रबुद्ध व्यक्तिहरूको सहभागिता रहन्छ । राष्ट्रियसभाका सदस्यहरूको कार्यकाल छ वर्षको हुन्छ । त्यसमध्ये सभाका एक तिहाइ सदस्यको कार्यकाल भने प्रत्येक दुई वर्षमा सकिन्छ ।

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा ।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं ।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
- महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# सामाजिक संजालको सदुपयोगबाट आचारसंहिता पालना

निर्वाचन आयोगले आचारसंहिता लागु गर्ने निर्णय गरेको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन आचारसंहिता लागू गर्ने गरिएको छाराज्यको साधन श्रोत दुरुपयोग नहोस र आर्थिक प्रलोभनमा पारेर मत तान्ने काम रोक्न पनि निर्वाचन आचारसंहिताको पालना हुनुपर्छ । पछिल्लो समयमा सामाजिक संजाल र मिडियाको दुरुपयोग बढ्दै गएको छ। विगतमा चुनावी प्रचारमा अज्ञात धनराशि खर्च हुने गर्थ्यो । अहिले आर्थिक रूपले कमजोर उम्मेदवारले पनि आफ्नो सूचना प्रविधिको ज्ञान र सिपको उपयोग गरेर वा सहयोगी टिमको सहायताले सामाजिक सञ्जालका प्लेटफर्ममार्फत आफ्नो चुनावी माहोल तताउन सक्ने स्थिति विद्यमान छ। अब उम्मेदवार बन्न सीमित साधनस्रोतबाट पनि सम्भव छ र सामाजिक सञ्जालमार्फत यथाशाक्य बढी मतदाता समक्ष आफ्नो विचार र एजेन्डा पेस गर्न सकिन्छ।

स्रोतको अपर्याप्तता भएका तर इमानदारी र विश्वसनीयता भएका ऊर्जावान् उम्मेदवार डिजिटल मार्गको प्रयोग गरी सिधै जनतासामु उपस्थित हुने अपेक्षाकृत सहज स्थिति बनिरहेको छ। जनताले पनि नेताको सम्बोधन सुन्न कार्यक्रम स्थलमै जानु नपर्ने स्थिति बनेको छ। सामाजिक सञ्जालमार्फत नै नेताको सम्बोधन सुन्न र हेर्न पाउने स्थिति बनेको छ । मतदाताका निम्ति भाषणभन्दा सत्य सूचना र विश्वसनीयताका आधार ज्यादै महत्वपूर्ण हुन्छन् । नेताले विभिन्न समयमा बोलेका विरोधाभासपूर्ण कुराले सामाजिक सञ्जालका प्रयोगकर्ताको बढी ध्यान आकर्षित गर्ने गरेको पाइन्छ । दर्शिएको विरोधाभासको तुलनामा नेताले गर्ने खण्डन कमजोर साबित हुने गरेको छ। त्यसैले नेताले पनि विचार पुऱ्याएर, तौली तौली आफ्नो भनाइ राख्नुपर्ने हुन्छ। उम्मेदवारले युट्युब, टिकटक, इन्स्टग्राम जस्ता सामाजिक सञ्जालका प्लेटफर्ममार्फत आफ्ना सन्दर्भमा उठेका विविध असहज प्रश्नको प्रत्योत्तरमा मतदाता समक्ष प्रत्यक्ष स्पष्टीकरण दिनुपर्ने बाध्यता पनि छ । विगतका अभिलेखसमेत सामाजिक सञ्जालमा छ्यापछ्याप्ती आउने हुँदा कुनै पनि उम्मेदवारले लोकप्रिय मात्र भएर पुग्दैन, खलखली पसिना निकालेर प्रश्नको उत्तरसमेत दिन तयार हुनुपर्ने स्थिति छ। निर्वाचनताका सम्प्रेषण गरिएका वाचा पनि मतदाताले स्मरणको लागि सङ्कलन गरेर राख्न सक्ने हुँदा नक्कली भाषणले मात्र काम दिने अवस्था छैन।

सामाजिक सञ्जालको सदुपयोग गरेर जुन दलले जेनजी पुस्तालाई नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक विश्लेषणमार्फत सही प्रशिक्षण दिन्छ, त्यही दलको वैचारिक, सैद्धान्तिक र दीर्घकालीन औचित्य साबित हुने छ । आवश्यकताबमोजिम सामाजिक सञ्जाललाई राजनीतिक साक्षरताको माध्यमसमेत बनाइनु उचित हुन्छ। नीति, नैतिक आचरण र एजेन्डाको बहसबाट नेपाली समाजलाई टाढै राखेर केवल गालीगलौज र छोटो समयको लागि भाइरल बन्ने उद्देश्यले मात्र गरिने फोस्रो प्रचार र विज्ञापनले अन्ततः नेपाली समाजलाई झन् बढी निराश बनाउने हुँदा सबै राजनीतिक शक्ति यसबारे सजग बन्नु आवश्यक छ।

दीर्घकालीन दृष्टिकोणमा आधारित नैतिक नागरिक शिक्षा, संस्थागत रूपान्तरण, ठेक्कापट्टा र खरिद प्रक्रियामा हुने घोटाला, बजेटको दुरुपयोग र स्वार्थको द्वन्द्व जस्ता मुद्दाबारे सामाजिक सञ्जालका प्लेटफर्ममार्फत दल र उमेदवारले ठोस, सरल र छोटो मिठो भाषामा बुझाउने कसरत गर्नु श्रेयष्कर देखिन्छ । सामाजिक सञ्जाल बहुसंख्यक जनताले प्रयोग गर्ने मिडिया हो । निर्वाचनलगायत अन्य सार्वजनिक विषयमा सामग्री सम्प्रेषण गर्दा सबै प्रयोगकर्ताले जिम्मेवारी बोध गर्न सक्नु पर्छ। झन् सामाजिक सञ्जालका इन्फ्लुयन्सर र प्लेटफर्मले त सामाजिक उत्तरदायित्वको सिद्धान्तलाई अनिवार्य पालना गर्नु पर्छ। सामाजिक सञ्जाललाई सनसनी बेचेर पैसा कमाउने थलो मात्र बनाउनु समाजका लागि हानिकारक हुन्छ । निर्वाचनकै अभिन्न अङ्गको रूपमा यसको नैतिक प्रयोगमा जोड दिँदै सुशासनको पक्षमा नागरिक शिक्षा प्रदान गर्नु अहिलेको आवश्यकता हो । सार्वजनिक क्षेत्रको पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यसम्पादनका मुद्दालाई निर्वाचनसँग गाँसेर सञ्जालमा फराकिलो ठाउँ दिनु वाञ्छनीय छ । निर्वाचन आयोगले मिथ्या सूचना, गलत सूचना दिनेलाई कार्वाही गर्न सक्ने संयन्त्र बनाएर आचारसंहिताको प्रभावकारी पालना गराउन सकेमा मात्र निर्वाचन आयोगसँग सबै डराउने अवस्था बन्दछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| ककर्ट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# छिसवाङमा सडक स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, ४ माघ

यहाँको मङ्गला गाउँपालिका-५ छिसवाङमा मार्ग खुलेको १५ वर्षपछि सडक स्तरोन्नति थालिएको छ।

म्याग्दीको पश्चिमी क्षेत्रमा रहेका मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडकको बाबियाचौर-दरवाङ खण्डको वैकल्पिक मानिएको पोक-सेराफाँट-पिपलबोट-छिसवाङ-खोप्टी-छ्यारछ्यारे-दरवाङअन्तर्गत छिसवाङ खण्डमा स्तरोन्नति हुन लागेको हो।

सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु तीन करोड बजेट विनियोजन गरेको योजना निर्माणका लागि सडक डिभिजन कार्यालय बागलुङसँग ठेक्का सम्झौता गरेको आचार्य-पदमदीप जेभीले सडक फराकिलो पार्ने, नाली र पर्खाल निर्माणको काम अघि बढाएको निर्माण कम्पनीका प्रतिनिधि महेन्द्र आचार्यले बताउनुभयो।

उहाँका अनुसार रु. दुई करोड पाँच लाख ५५ हजारमा ठेक्का सम्झौता भएको योजनाको आगामी २०८३ असार महिनासम्म म्याद रहेको छ । खहरेदेखि छिसवाङ हुदै ओखोलासम्म एक किलोमिटर पाँच सय मिटर सडकलाई पक्की नाला सहित नौ मिटर फराकिलो बनाएर ग्राभेल गरिने आचार्यले बताउनुभयो । छिसवाङका दुर्गाबहादुर खत्रीले विसं २०६७ मा मार्ग खुलेको सडक स्तरोन्नतिका लागि योजना परेपछि स्थानीयवासी उत्साही भएको बताउनुभयो । "मार्ग खुलेदेखि हालसम्म सामान्य मर्मतको भरमा तीनदेखि चार मिटर फराकिलो सडकमा एकतर्फीमात्र गाडी चल्ने गरेका थिए", उहाँले भन्नुभयो, "सडक फराकिलो पार्न हामीहरूले स्वःस्फुर्त रूपमा जग्गामा संरचना बनाउन दिएर सहयोग गरेका छौं।" यो सडकबाट मङ्गलाको वडा नं ५ का साथै मालिकाको १ र २ का बासिन्दा लाभान्वित हुनुका साथै बेनी-दरवाङ सडकको बाबियाचौर-दरवाङ खण्डमा पहिरोलगायत कारणले अवरुद्ध हुँदा वैकल्पिक रूपमा प्रयोग गर्न सकिने भएकाले रणनीतिक महत्व रहेको छ।

यसअघिका दुई आर्थिक वर्षमा मङ्गला गाउँपालिकाले सेराफाँट क्षेत्रमा, गण्डकी प्रदेश सरकारले पिपलबोट खण्डमा र सङ्घीय सरकारले हिलवाङ-खहरेखोला क्षेत्रमा स्तरोन्नति गरेका छन्। जिल्लाको रणनीतिक महत्वको सडकको विकल्प भएकाले यो सडकलाई महत्व र प्राथमिकता दिइएको छ।

हिलवाङ, ओखोला र अर्मनखोलामा मोटरेबल पुल निर्माण गरेमा यो सडकमा बाह्रै महिना नियमित यातायात सञ्चालन गर्न सकिने छिसवाङका बासिन्दा किशोर मल्लले बताउनुभयो । यसअघि सङ्घीय सरकारले खहरेखोलामा 'कल्भर्ट' बनाएको छ।

# पोखरा महोत्सवमा दर्शकहरुलाई अफरै अफर

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ

पोखराको अमरसिंह खेल मैदानमा जारी पोखरा महोत्सवमा दर्शकका लागि विभिन्न अफर रहेको छ।

महोत्सवमा आउने दर्शकहरुका लागि मुख्य प्रायोजक र प्रायोजकहरु संगै महोत्सव आयोजक युनाईटेड क्लबले मुक्तिनाथ दर्शनका लागि २५ सय रुपैयामा दुई तर्फी यात्राको अफर ल्याएको छ।

महोत्सवको मुख्य प्रायोजकको रुपमा रहेको बेटर होम एपलायन्सको स्टलबाट एक हजारको सामान खरिद गर्दा पाउने कुपनको माध्यामबाट तीनजना भाग्यशाली उपभोक्तालाई बेटरले विभिन्न उत्कृष्ट पुरस्कार प्रदान गर्ने भएको छ । जस अन्तर्गत बेटरले भाग्यशाली उपभोक्तालाई प्रथम पुरस्कारको रुपमा एक टनको बेटर एसी, दोश्रो भाग्यशाली उपभोक्तालाई १५ लिटरको भिक्ट्री वाटर डिस्पेन्सर, मोनाको गिजर, तेस्रो भाग्यशाली उपभोक्तालाई बेटर ब्रेथ ९० ग्लासहुड चिम्नी, चौथौ भाग्यशाली उपभोक्तलाई रेडियान्स भ्याकुम क्लिनर र कन्सोलेशन प्राइजमा एमिनेट एयर फायर प्राप्त गर्ने महोत्सवका प्रायोजक उपसमिति संयोजक सूर्यबहादुर बानियाँले जानकारी दिए । भाग्यशाली उपभोक्ताको घोषणा महोत्सवको अन्तिम दिन गोला प्रथाद्धारा महोत्सवको स्टेजबाट घोषणा गरि पुरस्कृत गरिने छ। महोत्सवको अवधिभर मुक्तिनाथ दर्शनका लागि पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी संगको सहकार्यमा २५ सय रुपैयामा दुई तर्फी यात्राको ब्यवस्था मिलाइएको छ । महोत्सवको सचिवालयमा नाम टिपाएका दर्शकलाई दैनिक इभी मार्फत पोखरा मुक्तिनाथ र मुक्तिनाथ पोखरा दुईतफी यात्रा २५ सय रुपैयामा यात्रा गराउनुका साथै निशुल्क शाकाहारी खाना र खाजाको ब्यवस्था गरिएको महोत्सवका अतिरिक्त ब्यवस्थापन उपसमिति संयोजक गणेश खड्काले जानकारी दिए।

महोत्सवको प्रायोजक बन्दीपुर केबलकार एण्ड टुरिजम प्रा.लि.ले पोखरा महोत्सवमा प्रत्येक दिन ५ जना भाग्यशालीलाई केबलकारको फ्रि टिकट प्रदान गरिरहेको छभने महोत्सवको प्रायोजक भिजन लिंक एजुकेशन कन्सल्टेन्सी प्रा.लि.ले महोत्सवमा राखिएको स्टलबाट भर्ना भएका विद्यार्थीहरुलाई भाषा कक्षामा ५० प्रतिशत छुट र गिफ्ट ह्याम्पर संगै गोलाप्रथाको माध्यमबाट दैनिक एकजनालाई निशुल्क भाषा कक्षाको अवसर प्रदान गरिरहेको छ । ग्रुमिङ पार्टनरमा रहेको बबि ब्यूटी सलुन एण्ड ट्रेनिङ सेन्टरले महोत्सव अवधिभर महोत्सवको टिकट लिएर ब्यूटिसियन कोर्स तथा सर्भिस लिन आउने विद्यार्थी तथा ग्राहकहरुलाई ३० प्रतिशत छुट र फुड पार्टनरमा रहेको पोखरा सेकुवा घरले महोत्सवको टिकटको अर्धकट्टी साथमा लिएर गएमा पोखरा सेकुवा घरको फुड आइटममा १० प्रतिशत छुट पाउनेछन । महोत्सवमा कान्तिपुर डेण्टल हस्पिटलले दैनिक निःशुल्क दातको स्क्रीनिङ गरिरहेको छ । महोत्सवमा आयोजना हुने टिकटक प्रतियोगितामा लाइकको आधारले प्रथम हुनेलाई आशिष इन्स्टीच्युट प्रालिको तर्फबाट नगद २५ हजार रुपैया पुरस्कार प्राप्त गर्नेछन । महोत्सवको टिकट अनलाईन बाट रेभल एप मार्फत समेत बुकिङ गर्न सक्ने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# मदरल्याण्डकी सुविहानीको शाहस

पोखरापत्र संवाददाता
पोखरा, ४ माघ



माछापुच्छ्रेको छाया सलबलाउने फेवातालको शान्त छातीमा एउटा अनुपम दृश्य देखियो।

प्रायः वयस्क र साहसी पर्यटकको रोजाइमा पर्ने 'कायाकिङ' मा एक ८ वर्षीया बालिका मुसुक्क हाँस्दै छालहरूसँग मितेरी लगाइरहेकी थिइन् । उनी हुन् पोखराको प्रतिष्ठित मदरल्याण्ड सेकेन्डरी स्कुलमा कक्षा ३ मा अध्ययनरत सुविहानी सुवेदी। बाल कार्यक्रम प्रस्तोताका रूपमा क्यामेरा अगाडि फरर बोल्ने सुविहानीको प्रतिभा शब्दमा मात्र सीमित रहेनछ। आज जब उनले पोखरा लेकसाइडको किनारबाट कायाक लिएर तालको गहिराइतर्फ प्रस्थान गरिन्, तब त्यहाँ उपस्थित जो-कोही मन्त्रमुग्ध भए । हातमा कापी-कलम बोक्ने कलिला औँलाहरूले लाइफ ज्याकेट र प्याडल समातेर पानीमा अघि बढ्दाको दृश्य साँच्चै लोभलाग्दो थियो। धेरै बालबालिका पानीको गहिराइ देख्दा डराउँछन्, तर सुविहानीका लागि आज फेवाताल एउटा विशाल खेलमैदान बनेको थियो । लेकसाइडको व्यस्त किनारमा उनलाई कायाकिङ गरिरहेको देख्दा पर्यटक र स्थानीयको भिड नै लाग्यो। आफ्नो अनुभव सुनाउँदै सुविहानीले आत्मविश्वासका साथ भनिन्, 'मलाई पानीसँग खेल्न डर लाग्दैन, झन् रमाइलो पो लाग्छ।' ८ वर्षकै कलिलो उमेरमा उनले देखाएको यो साहसले 'हिम्मत भए उमेरले छेक्दैन' भन्ने भनाइलाई चरितार्थ गरिदिएको छ। फेवाको किनारमा उभिएका दर्शकहरू भन्दै थिए-'यी नानी भोलिको नेपालको एउटा चम्किलो तारा हुन्' -विद्यालयको हरेक कार्यक्रम संचालन गर्ने अभ्यासले आज ताल माथि कुद्ने साहस छोरीलाई सजिलै भएको सानिमा सदिक्षा सुवेदीले पोखरापत्रलाई बताईन् । मदरल्याण्ड स्कुलकी प्रावि ईन्चार्ज केशु शर्माले नानीको प्रतिभा विद्यालयको गहना वन्दै गएकोमा खुशी व्यक्त गरिन । कायाकिङ गर्न जाँदा सुरुमा त डरलाग्यो पछि तालवाहिर आए पछि एकदम खुशी भएको अनुभव शुविहानीले पोखरापत्रलाई सुनाईन।

# आठौँ संस्करणको व्यास अल्ट्रा म्याराथन हुने

पोखरापत्र संवाददाता
तनहुँ, ४ माघ

तनहुँको व्यास नगरपालिकाले 'पर्यटन, धार्मिक एवं ऐतिहासिक क्षेत्रको पहिचानः व्यास नगरपालिकाको अभियान' नारासहित आगामी माघ १६ गते सहिद दिवसका अवसरमा 'आठौँ व्यास नगर अल्ट्रा म्याराथन' आयोजना गर्ने भएको छ।

खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बर्सेनि आयोजना गर्दै आएको अल्ट्रा म्याराथन व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । अल्ट्रा म्याराथन केवल खेलकुद प्रतियोगितामात्र नभई सहिदको बलिदान स्मरण गर्ने र प्रतिभा पहिचान तथा उजागर गर्ने अभियान भएको उहाँले बताउनुभयो । पर्यटकीयस्थल व्यास नगरपालिका-५ मानुङकोटदेखि व्यास-८ सहिद गाउँ पुलिमराङमा ४४ किलोमिटर लामो दूरीको म्याराथन हुने नगरपालिकाले जनाएको छ।

उहाँका अनुसार यस प्रतियोगिताले मगर र गुरुङ समुदायको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउन सहयोग गर्नुका साथै पर्यटन प्रवर्द्धन गर्दै स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुऱ्याउनेछ। नगरप्रमुख न्यौपानेले भन्नुभयो, "यो दौड हाम्रो इतिहास, संस्कृति र सहिदप्रतिको सम्मानसँग जोडिएको छ । यसका साथै मगर र गुरुङ समुदायको कला, संस्कार, संस्कृति प्रवर्द्धनमा टेवा पुगेको छ।"

मानुङकोटबाट अलैचे, चापाघाट, अनसन चौतारी, सफा सडक, भोर्लेटार चोक, बैरेनी, दुम्सी, कलेस्ती, पाथ्रा, सत्रसय, बानियाँडिही, बर्लाची, सोतीबेँसी, बगुवा रिस्ती र बाहुन पोखरा हुँदै सहिद गाउँ पुलिमराङसम्म ४४ किलोमिटर दौड सञ्चालन हुनेछ।

व्यास नगरपालिका-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका संयोजक जीवन गुरुङ कुमारले अल्ट्रा म्याराथनले व्यास नगरपालिकाका ग्रामीण बस्ती, धार्मिकस्थल र ऐतिहासिक क्षेत्रलाई एउटै मालामा जोड्ने कार्य गरेको बताउनुभयो । उहाँका अनुसार मानुङकोटदेखि पुलिमराङसम्मको मार्ग आफैँमा पर्यटन सम्भावनाले भरिपूर्ण छ। यस प्रतियोगिताले स्थानीय युवालाई खेलकुदतर्फ आकर्षित गर्दै आन्तरिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुगिरहेको गुरुङको भनाइ छ । नगरपालिकाका सूचना अधिकारी केदारराज आचार्यले प्रतियोगितालाई सुरक्षित र व्यवस्थित बनाउन सबै तयारी पूरा गरिएको जानकारी दिनुभयो । धावकको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै विभिन्न स्थानमा चेकप्वाइन्ट, स्वयंसेवक, स्वास्थ्यकर्मी र प्राथमिक उपचार टोली परिचालन गरिने उहाँले बताउनुभयो । सहभागी धावकलाई आवश्यक सूचना, मार्गनिर्देशन र सुरक्षा व्यवस्थामा कुनै कमी नहुने उहाँको भनाइ छ । प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट दुई सयभन्दा बढी व्यावसायिक तथा सौखिन धावकको सहभागिता रहने अपेक्षा गरिएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने धावकलाई क्रमशः रु ८५ हजार ७७, रु ६५ हजार ७७ र रु ५५ हजार ७७ नगद पुरस्कार प्रदान गरिने छभने पाँच जना धावकलाई सान्त्वना पुरस्कारस्वरूप रु १६ हजार ७७ प्रदान गरिनेछ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, मेथलाङ चोकदेखि तल्लो बनपालेसम्म बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मेथलाङ चोकदेखि तल्लो बनपालेसम्म बाटो ढलान
ठेगानाः पोखरा-१८, कास्की
योजना सम्झौता मिति : २०८२/०८/२० गते
योजना सुरु मितिः २०८२/०८/१७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/०१ गते
योजनाको कुल लागतः रु. ११,११,२००|-
महानगरपालिकाबाटः रु. १०,००,०००|-
जनसहभागिताबाटः रु. १,११,२००|-
उपभोक्ता समिति अध्यक्षः धर्मदत्त गौतम
सम्पर्क नं.: ९८४६५८४७०९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**मेथलाङ चोकदेखि तल्लो बनपालेसम्म बाटो ढलान उपभोक्ता समिति पोखरा-१८**

